स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली साङ्गीतिक क्षेत्रका हिट गायक हुन् प्रकाश सपूत । उनले हरेक गीतबाट स्रोता दर्शकको अद्‌भूत माया पाउँदै आएका छन् । 'बोलमाया'देखि 'सकम्बरी'सम्म आउँदा प्रकाशले अधिकांश गीतबाट लोभलाग्दो स्रोता एवं दर्शक पाएका छन् । देश विदेशका स्टेज कार्यक्रममा उनको डिमाण्ड लोभलाग्दो छ । प्रकाशलाई फिल्ममा पनि सफलता मिलेको छ । प्रकाशको अभिनय रहेको पहिलो फिल्म 'परदेशी २'ले राम्रो व्यापार गरेको छ । नारायण रयमाझी निर्देशित फिल्मले ७ करोड रूपैयामाथिको कलेक्सन गरेको निर्माण पक्षले जनाएको छ ।

**आजको विचार...**



गुरूराज घिमिरे

**किन भएन...** *(दुई पेजमा)*




यही कात्तिक २४ गतेबाट प्रदर्शन थाल्न लागेको फिल्म 'दिमाग खराब'को प्रचारका खातिर अभिनेत्री स्वस्तिमा खड्का पनि 'इन्द्रेणी' पुगेकी छन् । आफ्नो अभिनयसँगै श्रीमान् निश्चल बस्नेतको निर्देशन रहेकाले फिल्मको प्रचारमा उनको राम्रै दौडधुप छ । 'इन्द्रेणी'मा उनले दोहोरी कलाकार छत्र शाहीसँग करिब आधा घण्टा दोहोरी खेलेकी छन् । त्यसपछि फिल्मबारे पनि जानकारी गराएकी छन् । फिल्ममा अभिनय गर्ने कलाकारलाई दोहोरीमा लयबद्ध हिसाबले जवाफ फर्काउन आउने कुरै भएन । त्यसैले स्वस्तिमाले दोहोरीमा दख्खल कलाकारहरुको सहयोगमा 'इन्द्रेणी'मा दोहोरी गाएकी छन् ।

❑ वर्ष २९ ❑ अंक १०७ ❑ २०८० कार्तिक २३ गते बिहीबार 9 November 2023, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### डेगुंबाट एक हजार चार सयको मृत्यु



**(रासस/सिन्हवा)**

**ढाका,** कात्तिक २२/यो वर्षको ११ महिनाभन्दा कम अवधिमा लामखुट्टेको टोकाइबाट सर्ने डेंगुज्वरोले बंगलादेशमा एक हजार चार सयभन्दा धेरै मानिसको मृत्यु भएको छ भने करिब तीन लाख संक्रक्रमित भएका छन् । स्वास्थ्य सेवा महानिर्देशनालय (डिजिएचएस) को पछिल्लो आँकडाअनुसार यो वर्ष डेंगुको प्रकोप चिन्ताजनक अवस्थामा पुगेको छ । नोभेम्बर ७ सम्म कूल दुई लाख ८३ हजार पाँच सय ९३ संक्रमित भएका छन् भने एक हजार चार सय २५ को मृत्यु भएको छ । महानिर्देशनालयले यो वर्ष जुलाईमा दुई सय चार, अगस्टमा तीन सय ४२, सेप्टेम्बरमा तीन सय ९६, अक्टोबरमा तीन सय ५९ र नोभेम्बरमा ७७ जनाको डेंगुबाट मृत्यु भएको जनाएको छ । गत महिना ६७ हजार सात सय ६९ मानिसमा डेंगु संक्रमण भएकामा नोभेम्बर १ देखि ७ सम्म थप १२ हजार चार सय १८ जना संक्रमित भएका छन् । बंगलादेशमा सेप्टेम्बरमा डेंगुका केसमा उच्च वृद्धि भएको थियो । उक्त महिनामा ७९ हजार पाँच सय ९८ नयाँ संक्रमण र तीन सय ९६ जनाको मृत्यु भएको थियो । व्यापकरूपमा डेंगु फैलिएपछि चीनले मंगलबार बंगलादेशलाई डेगुंविरोधी आपत्कालीन आपूर्तिको समूह प्रदान गरेको छ ।

# पाल्पामा प्लाष्टिकका माला प्रतिबन्ध लगाउँदै स्थानीय सरकार

**रामचन्द्र रायमाझी**

**पाल्पा,** कार्तिक २२/पछिल्लो समय प्लाष्टिकका कृत्रिम मालाको प्रयोग बढ्दै गएका बेला पाल्पाका केही स्थानीय सरकारले भने त्यसको प्रयोगमा प्रतिबन्ध लगाउन थालेका छन् । तिहार पर्व नजिकिएसँगै बजारमा प्लाष्टिकका मालाले बजार लिन थालेपछि स्थानीयस्तरमा उत्पादित फूलहरुले ठाउँ नपाउने भन्दै यहाँका स्थानीय सरकारले कृत्रिम मालाको प्रयोगमा निरुत्साहित गर्न सूचना नै प्रकाशन गरी प्लाष्टिकका मालामा प्रतिबन्ध लगाउन लागेका हुन् ।

जिल्लाको तानसेन नगरपालिका र माथागढी गाउँपालिकाले सूचना निकालेर प्राकृतिक फूलका माला प्रयोग गर्न तथा प्लाष्टिकजन्य मालाहरु प्रयोग नगर्न आग्रह गरेका छन् । तानसेन सयपत्री फूलमा आत्मनिर्भर भएकाले स्थानीय फूल कृषकहरुलाई प्रोत्साहन गर्न तथा प्लास्टिकजन्य फूलमालाले वातावरणमा पार्न सक्ने नकारात्मक प्रभावलाई समेत मध्यनजर राख्दै प्लाष्टिकजन्य मालाहरु प्रयोग नगर्न नगर सरकारले आग्रह गरेको छ । उसले आउँदै गरेको तिहार पर्वको अवसरमा नगर क्षेत्र भित्र प्लास्टिकजन्य फूल माला बिक्री वितरण नगर्न, नगराउनुहुन सबैमा अनुरोध गरेको छ । प्रमुख प्रशासकिय अधिकृत जीवन



ज्ञवालीद्वारा जारी सूचनामा प्लाष्टिकजन्य माला प्रयोग नगर्न र प्राकृतिक फूलका माला मात्रै भाइटीकामा प्रयोग गर्न भनिएको छ । 'प्राकृतिक रुपमा उत्पादन भएका फूलहरु एवमं सो बाट बनेका मालाहरु प्रयोग गर्नहुन सम्पूर्ण व्यापारी वर्ग तथा आमउपभोक्ताहरुमा हार्दिक अनुरोध गरिन्छ' सूचनामा भनिएको छ । नगरपालिकाले नगर भित्र प्रसस्त मात्रमा सयपत्री फूलहरु भएकाले चाडपर्व बिहे, व्रतबन्ध तथा अन्य समारोहमा सयपत्री फुल तथा माला थोक तथा खुद्रामा आवश्यक परेमा स्थानीय कृषकहरुलाई सम्पर्क गर्न समेत सबैमा आग्रह गरेको छ । यस्तै माथागढी गाउँपालिकाले पनि प्लाष्टिकजन्य फूलमाला प्रयोग नगरी प्राकृतिक फूलमाला प्रयोग गर्न सबैमा आग्रह गरेको छ । उसले सूचना जारी गर्दै गाउँपालिका सयपत्री फूलमा आत्मनिर्भर रहेकाले फूल कृषकहरुको प्रोत्साहनका लागि प्राकृतिक फूलको प्रयोग गर्न भनेको छ ।

प्लाष्टिकजन्य फूलमालाले वातावरण प्रदुषण गराउनुका साथै मानव स्वास्थ्यमा समेत नकारात्मक प्रभाव पार्ने भएकाले प्लाष्टिकजन्य फूल, माला विक्री वितरण नगर्न, नगराउनुहुन सम्पूर्ण व्यापारी र नागरिकहरुलाई उसले आग्रह गरेको हो । उसले पनि प्राकृतिक फूल आवश्यक परेमा स्थानीय फुल कृषकहरुलाई सम्पर्क गर्न समेत भनेको छ । पालिकाहरुले प्लाष्टिकजन्य फूलमालाको प्रयोग नगर्न, नगराउन आग्रह गरेसँगै यहाँका व्यावसायिक फूलखेती गर्दै आएका किसान हौसिएका छन् । तानसेन नगरपालिका- १४ का कृषक कमल रानाले आफू जस्ता कृषक नगर सरकारको निर्णयले उत्साहित बनेको बताए । 'यस्तै निर्णय जिल्लाका सबै पालिकाले गर्नुपर्ने हो,' उनले भने,'सरकारले पनि नाकाबाट यस्ता सामग्री भित्रन प्रतिबन्ध लगाउन सक्नुपर्छ ।' पछिल्लो समय तानसेनसहित जिल्लाका अधिकासं पालिकाहरुमा व्यवसायिक फूलखेती हुँदै आएको छ । जिल्लाका ग्रामीण भेगमा भने घर घरमै सजावटका लागि सयपत्रीलगायत विभिन्न फूलहरू रोपिएका छन् ।

**कृत्रिम मालाले प्राकृतिक फूलको प्रयोग हराउँदै**

पछिल्लो समय प्लाष्टिकका कृत्रिम मालाको प्रयोग बढेपछि सयपत्री, मखमली र गुर्धौली फूल लोपोन्मुख भइसकेका छन् । पहिलाको तुलनामा सयपत्री फूल पनि कम पाइन्छ । प्राकृतिक फूलको महत्वलाई बिर्सँदै गएकाले गाउँघरमा ढकमक्क फूल फूले पनि देखाउनकै लागि प्लाष्टिकको माला प्रयोग गर्ने संस्कार बस्न थालेको छ । प्लाष्टिक तथा कृत्रिम मालाको प्रयोग बढ्दै जाँदा तिहारमा मखमली फूलले विशेष महत्व राखे पनि गाउँघरमा संरक्षण नगरिँदा हराउँदै गएको हो । हिन्दू धार्मिक परम्पराअनुसार चाडपर्वमा सोही अनुसारका फूल र माला प्रयोग गर्नुपर्ने भए पनि विश्वकर्मा बाबाको पूजादेखि तिहारसम्म पनि कतिपयले प्लाष्टिकका माला प्रयोग गर्ने गरेका छन् । बजारमा कस्मेटिक पसलदेखि सडक छेउका पसलहरुमा समेत रङ्गीचङ्गी कृत्रिम मालाको छ्याप्छ्याप्ती देखिन्छन् । तिहार नजिकिँदै गर्दा बजारभरि कृत्रिम माला बिक्रीका लागि छ्याप्छ्याप्ती राखिएका छन् । सरकारले प्लाष्टिकका फूलका गुच्छाको उत्पादन, आयात, बिक्रीवितरणमा रोक लगाउने गरे पनि उपभोक्ताको आकर्षण भने कृत्रिम मालामै बढी देखिन्छ ।

# निस्दीमा टिपर दुर्घटना : एकको मृत्यु, तीन घाईते

**पाल्पा,** कार्तिक २२/जिल्लाको निस्दी गाउँपालिका-७ मोटेखर्क स्थित ज्यामिरे-अरुणखोला भित्रि कच्चि सडक खण्डमा टिपर दुर्घटना भएको छ । बुधबार विहान भुटुकेबाट चुनढुङ्गा लिई नवलपुरको होङ्सी सिमेन्टतर्फ जाँदै गरेको लु २ ख ५२९ नम्बरको टिपरको अचानक ब्रेकमा समस्या आई सडकको भित्तामा ठोकिन जाँदा दुर्घटना भएको हो ।

दुर्घटनामा परी टिपरमा सवार एक जनाको ज्यान गएको छ भने तीन जना घाइते भएका छन् । मृत्यु हुनेमा पूर्वखोला गाउँपालिका -२ जल्पाकी १९ वर्षीया दिल कुमारी आले रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । टिपरबाट हाम फाल्ने क्रममा सोही टिपरको टायरले किच्दा आलेको घटनास्थलमै ज्यान गएको हो । दुर्घटनामा परी निस्दी गाउँपालिका -७ की २५ वर्षीया हिमाली आले, चालक मकवानपुरको मनोहरी गाउँपालिका- ९ का २६ वर्षीय अञ्जन सुनार र सहचालक मकवानपुर हेटौडा -९ का २४ वर्षीय आशिष सुनार घाइते भएका छन् । घाइते आलेलाई टिपरबाट हाम फाल्ने क्रममा दायाँ खुट्टामा सामान्य चोट लागेको छ । चालक र सह चालकको अवस्था पनि मध्यम रहेको प्रहरीले जनाएको छ । घाईतेहरुको उद्धार गरी उपचारको लागि नवलपुर पठाइएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# आँधीखोलामा पुल बनेपछि चार जिल्लालाई सहज

**गल्याङ (स्याङजा),** कात्तिक २२/ कालीगण्डकी लोकमार्गअन्तर्गत आँधीमुहानस्थित आँधीखोलामा पुल बनेपछि स्थानीयलाई सहज भएको छ । स्याङ्जाका पश्चिम, पर्वतका दक्षिण, गुल्मी र बाग्लुङ जिल्लाका पूर्वी भागका नागरिकलाई गल्याङ, पाल्पा, बुटवल, नारायणगढ, दाङ र भारतसमेत जान सबैभन्दा छोटो मानिएको बिहादी-सेतीवेणी-मिर्मी सडक खण्डअन्तर्गत आँधीमुहानमा पुल बनेपछि सहज भएको हो ।



यहाँका स्थानीयहरु उच्चस्तरको स्वास्थ्य सेवा लिन, व्यापारीका लागि मालसमान ढुवानी गर्न सेतीवेणी-मिर्मी सडक खण्डमा पर्ने खबरको वनको पैदलमार्ग प्रयोग गर्दै आएका थिए । निकै पुरानो मानिएको सेतीवेणी बजार, पुर्तीघाट बजार, बाग्लुङको छिस्दीलगायत व्यापारीले दुई दशकअघिसम्म भरिया लगाएर खबरको वनको बाटो मालसामान ढुवानी गर्ने गरेको पाइन्छ ।

कालीगण्डकी लोक मार्ग अन्तर्गत गल्याङ नगरपालिका र कालीगण्डकी गाउँपालिका जोड्ने सेतीवेणी-मिर्मी सडक खण्ड १० किलोमिटर दूरीमा अवस्थित छ । यही सडक खण्डलाई जोड्ने गरी रायमाझी/राजेश्वरी/पिटिआर अधिकारी जेभीले आँधीखोलामा ट्रस ब्रिज निर्माण गरेको इन्जिनियर पवित्रमणि आचार्यले जानकारी दिए । उनले हाल पुल निर्माण सकिएर सर्वसाधारणका लागि खुल्ला गरिएको बताए । आचार्यका अनुसार पुल नौ करोड ६२ लाख ७९ हजार ९३ ठेक्का सम्झौता भएको थियो । अहिले स्याङ्जा-पर्वत खण्डको सडक निर्माणले तीव्रता पाएको छ । स्याङ्जा-पर्वतको ५३ किलोमिटर मध्ये सेतीवेणी-मिर्मी सडकको काम महादेव खिम्ती/आन्जना/पराजुली जेभी लम्जुङले निर्माण जिम्मा लिएर अगाडि बढाएको छ । 'निर्माण कम्पनीले सडक चौडा, नाली निर्माण, तेवा पर्खाल र कालोपत्र गर्ने गरी २०७७ साल भदौ १२ गते सझौता गरेको थियो', इन्जिनियर आचार्यले भने, 'साढे दुई वर्षमा सक्ने गरी १ करोड ९८ लाख छ हजार एक सय ९० ठेक्का सम्झौता भएको थियो ।'

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## भूकम्पमैत्री संरचना बनाऊ

२०७२ को विनाशकारी भूकम्प बिर्सन नपाउँदै देशले फेरि ठूलो भूकम्प व्यहोर्नुपरेको छ । गत शुक्रबार जाजरकोट केन्द्र बिन्दु भएर गएको भूकम्पले १ सय ५३ जनाको ज्यानमात्र लगेन, १३ जिल्लाका ३५ हजार परिवारलाई घरबारविहीन बनाएको छ । २०७२ वैशाखपछि सबैभन्दा बढी क्षति यसपटक भएको छ । घरभित्र सुतिरहेको बेला मध्यरातमा भूकम्प गएकाले पनि यस पटक धेरै क्षति भएको देखिन्छ । ढुंगा-माटोले बनेका कच्ची घरले भूकम्प थेग्न नसक्दा चेपिएर, पुरिएर धेरैले ज्यान गुमाए । घर भत्किनुकै कारणले पशुचौपायाको पनि क्षति हुन गयो । सैयौंको संख्यामा मानिसको मृत्यु र अरू सैयौंको संख्यामा घाइते हुन पुग्नुको कारण कमजोर घरका संरचना नै हो । यसअघिको भूकम्पबाट पाठ नसिक्दाको परिणाम अहिले पनि भोग्नु परेको छ । यदि घरका संरचनाहरु भूकम्पमैत्री भइदिएको भए यति ठूलो मानविय र भौतिक क्षति हुने थिएन ।

अहिलेसम्म पनि भूकम्पको पूर्वानुमान गर्न सक्ने प्रविधि विकास पनि भइसकेको छैन । त्यसैले भूकम्प गइहाले जतिसक्दो कम मानवीय र भौतिक क्षति होस् भनेर पूर्वतयारी र सतर्कतामा जोड दिइनु अहिलेको टड्कारो आवश्यकता हो । प्रायः मानवनिर्मित संरचनाकै कारण भूकम्पमा बढी क्षति हुने गरेको छ । तर घर निर्माण गर्दा कहिल्यै पनि भूकम्पमैत्री बनाउने कुरामा कसैको पनि ध्यान जान सकेन । जसका कारण भूकम्पबाट ठूलो क्षति व्यहोर्नु परेको छ । न त सरकारले भूकम्प प्रतिरोधात्मक घर बनाउन उत्प्रेरित गरिरहेको छ न भूकम्प गइहाले सुरक्षित रहने बारे सचेतना अभियान नै । देशभित्र ठूलठूला भूकम्प पटक-पटक गइरहँदा सरकारले पाठ सिक्न नसक्नु र पूर्वतयारीमा ध्यान नदिनु दुखद् हो । सरकारको गैरजिम्मेवारीपन, घटनाको अतार्किक निष्कर्ष र सही सूचना प्रवाह गर्ने प्रभावकारी वैज्ञानिक संयन्त्रको अभावका कारण क्षतिका उही प्रकृति बारम्बार दोहोरिँदै जानु राम्रो होइन । नेपालमा अधिकांस घरहरु भूकम्पमैत्री छैनन् । जसका कारण भूकम्पको परकम्प आउनसाथ ठूलो क्षति व्यहोर्नु नेपालीको नियति नै बनेको छ । भूकम्पको कम्पन र पराकम्पनसँगै हुन जाने ठूलठूला जनधनको क्षतिबाट बस्तीलाई बचाउन भूकम्पमैत्री आवासीय तथा अन्य संरचना निर्माणमा ध्यान दिनैपर्छ । यसका लागि सरकारले छिटो भन्दा छिटो भूकम्पमैत्री संरचना बनाउन जनतालाई प्रोत्साहन गर्नुको साथै जनताले समेत घर निर्माण गर्दा सोही अनुसारका संरचना निर्माण गर्ने दिशामा ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

पिंजडाको चरा जस्तै छु अहिले म
जुनदिन उडान भर्छु , त्यही दिन इतिहास लेख्छु ।
*(अमर सिंको फेसबुक स्टाटस https://www.facebook.com/gulmileamar.raj)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# किन भएन देश विकास ? कहाँ चुक्यो राजनीति ?



गुरुराज घिमिरे

**जापान, कोरिया, सिंगापुर र मलेसियाजस्ता राष्ट्रहरूले आफ्नै कठोर परिश्रम र दृढताले आफ्नो नियति बदले । चीन र भारतजस्ता हाम्रा छिमेकीहरू समृद्धिको शिखर चुम्दैछन्, अनि हामी नि ? हामी नेपाली सुख खोज्दै संसारभरि भौतारिरहेका छौं । नियति त थोरबहुत बदल्दै छौं, तर कसरी ? आफ्नो पहिचान र स्वाभिमान गुमाएर, रगतका आँसु चुहाएर । यसको कारक राज्य हो र दोषी पटक-पटक बनेका सरकारहरू हुन् । साथै, सरकारमा बसेका पात्र र प्रवृत्ति, जसले जनतामाथि ठूलो विश्वासघात गरेर आफ्नो नियति मात्र बदलेका छन् ।**

विश्वभरी नै राजनीतिक जवाफदेहिता र उत्तरदायी राजनीतिले मात्र गन्तव्य प्राप्त गरेका छन्, यसको अलग-अलग दृष्टान्त प्रस्तुत गरिरहनु पर्दैन । पछिल्लो समय विकसित नागरिक चेतनाले यसलाई ठम्याउने सामर्थ्य राख्छ । देशले तीव्र गतिमा विकास गर्नु र जनताको जीवन सहज तथा सुखद् हुनुले जवाफदेही र उत्तरदायी राजनीतिलाई प्रमाणित तथा स्थापित गर्दछ । दक्षिण एसियाली, अफ्रिकी र ल्याटिन अमेरिकी देशहरूमा अपवादबाहेक जवाफदेही राजनीतिको बिल्कुलै अभाव वा कमी पाइन्छ । नेपाल यसैको प्रमुख दृष्टान्त हो । हामी किन पछि पर्‍यौं ? देशको भौतिक विकास किन भएन ? जनताको जीवन सुखी र सम्पन्न बनाउन केले रोक्यो ? देशको अन्तर्राष्ट्रिय प्रतिष्ठा किन बढेन ? आजका ज्वलन्त र प्रमुख प्रश्न यिनै हुन् । नेपाल र नेपालीका लागि कुन राजनीतिक प्रणाली उपयुक्त र किन उपयुक्त भन्ने विषयको तर्कसंगत समाधान भैसकेकाले यस विषयमा थप गन्थनमन्थन र विमर्श एवं परामर्शको आवश्यकता र दरकार नै परेको छैन, त्यसैले अबको एकसूत्रीय आवश्यकता सुव्यवस्थित राष्ट्र निर्माण मात्र हो, जसको जग भौतिक विकास र जनताको सुख हो ।

अधिकार सम्पन्न सुखी जनता र प्रतिष्ठित राष्ट्र हाम्रो लक्ष्य हो । यसै विषयमा विमर्श गर्नु यस आलेखको मुख्य उद्देश्य हो । र, अर्को कुरा हामीले प्रेरणाको स्रोत या आराध्य मानेका पार्टीका संस्थापकहरू बीपी, सुवर्ण र गणेशमानजस्ता मुर्धन्य नेताहरूले बनाउन खोजेको नेपालको आधारशीला आजसम्म हामीले तयार गर्नै सकेनौं, या जग हाल्न सकेनौं । पटक-पटक अवसर पाउँदा समेत हाम्रो ध्यान त्यता गएन । यसमा अरूलाई दोष दिने ठाउँ पटक्कै छैन । नेपाली जनताको यसमा कुनै दोष छैन । बारबारका आन्दोलन र निर्वाचनमा जनताले साथ दिएकै छन् । काम गर्ने ठाउँमा पुर्‍याएकै छन् । योभन्दा बढी के गर्ने ? देशको कानून मानेर कर तिरेकै छन् । नेताहरूको भरणपोषण गरेकै छन् । तर, पनि जनताले सुखको २ गाँस र आरामको एक निन्द्रा पाउन सकेका छैनन् । अझ आफ्ना कलकलाउँदा सन्ततिलाई परदेश पठाएर कहालिलाग्दो र रुग्ण बुढ्यौली धान्नुपर्ने कारुणिक स्थितिमा कसले पुर्‍यायो ? यसको जिम्मा कसले लिने ? हामीमा यसको महसुस या 'रियालाइजेसन' छ कि छैन ? राजनीतिक दलहरू एकले अर्कालाई दोषारोपण गरेर अब उन्मुक्ति पाइँदैन । आखिर नेताको ध्यान केमा छ ? बारम्बार प्राप्त अवसर दुरुपयोग गर्नु राजनीतिक अपराध मात्र हो कि मानवीय अपराध पनि ? अब छिनोफानो गर्ने बेला आएको छ । तदर्थवादी चिन्तन, कार्यशैली र व्यवहारले न त समाज बन्छ, न त राष्ट्रको प्रतिष्ठा बढ्छ । हिजोजस्तो पर्याप्त समय हामीसँग छैन । थोरै बहुलठ्ठीपन या पागलपनका साथ अघि नबढ्ने हो भने विकासमा २ सय वर्ष पछाडि परेको नेपालले मध्यकालीन इतिहासको विरासत थामिरहनेछ । यो अपजसको भारी किटानी साथ वर्तमान पुस्ताले बोक्नुपर्नेछ । यसमा किन्तु, परन्तु चल्नेवाला छैन । इतिहासकारहरूले पात्र छनोट गरिसकेका छन् । नीति बदलौं, नियति बदलिन्छ । सामान्यतया मानिसहरूमाा नियति वा प्रारब्ध बदलिँदैन भन्ने विश्वास वा आममान्यता छ । हामी नेपालीहरू लेखान्तमा भर पर्छौं या भरोसा गर्छौं । अहिलेसम्म यस्तै चल्दै आएको छ । एकछिन महाभारतको लडाइँ सम्झौं- यदि अर्जुनले युद्ध मैदानमा आफन्तहरूलाई देखेर गाण्डिव थन्क्याएको भए उनको र पाण्डवहरूको नियति के हुन्थ्यो ? पाण्डवहरूको कस्तो इतिहास लेखिन्थ्यो ? हस्तिनापुरको के हुन्थ्यो ? रामचन्द्रले सीता हरणका विरुद्ध रावणसँग लंकायुद्ध नगरेको भए के हुन्थ्यो ? के राजा राम भगवान् राममा परिणत हुन्थे ? युरोपीयन या खाडी देशहरूले ६ महिना हिउँ पर्ने र उत्पादन कम हुने देश तथा बालुवाको भूमि या मरुभूमि भनेर भूगोल त्यागेको भए के हुन्थ्यो ? स्पष्ट नै छ, भाषा संस्कृति, पहिचान र स्वाभिमान सबै थोक मेटिन्थ्यो, खोज अनुसन्धान सबै रोकिन्थ्यो । आज त्यहाँ बालुवामा सुन फल्छ, हिउँमा हिरा । यसले खाडी र यूरोपीयनहरूको नियति बदलियो, यसको श्रेय उनैलाई या त्यहींका शासकहरूलाई जान्छ । जापान, कोरिया, सिंगापुर र मलेसियाजस्ता राष्ट्रहरूले आफ्नै कठोर परिश्रम र दृढताले आफ्नो नियति बदले । चीन र भारतजस्ता हाम्रा छिमेकीहरू समृद्धिको शिखर चुम्दैछन्, अनि हामी नि ? हामी नेपाली सुख खोज्दै संसारभरि भौतारिरहेका छौं । नियति त थोरबहुत बदल्दै छौं, तर कसरी ? आफ्नो पहिचान र स्वाभिमान गुमाएर, रगतका आँसु चुहाएर । यसको कारक राज्य हो र दोषी पटक-पटक बनेका सरकारहरू हुन् । साथै, सरकारमा बसेका पात्र र प्रवृत्ति, जसले जनतामाथि ठूलो विश्वासघात गरेर आफ्नो नियति मात्र बदलेका छन् । जनता आफ्नो नियति बदल्न चाहन्छन्, जसका निम्ति राज्यको अग्रसरता, प्रोत्साहन र व्यवस्थापन चाहिन्छ । के आजसम्मका सरकारहरूले यस्तो चाँजोपाँजो मिलाए ? अनि प्राप्त मौकालाई हामीले सदुपयोग गर्न सक्यौं त ? आजको गम्भीर प्रश्न हो यो । विश्वविख्यात कूटनीतिज्ञ तथा अर्थशास्त्री चाणक्यले असल शासकका केही मूलभूत कर्तव्य र दायित्व चर्चा गरेका छन्, जसमा लोककल्याणकारी नीतिमार्फत जनहित गर्ने, शत्रुहरूबाट देश र जनताको सुरक्षा गर्ने र छिमेकी देशहरूसँग सुमधुर सम्बन्ध राख्ने लगायत विषय पर्दछन् । हाम्रो विडम्बना, न जनहित, न सुरक्षा, न त राम्रो सम्बन्ध । यो भन्दा लापरबाही र गैरजिम्मेवारी के हुन्छ ? अनि यो अपराध हो कि होइन ? यस्ता प्रवृत्तिलाई जनताले सधैं बोक्नुपर्ने ? अब यस्तो हुन दिनु हुँदैन । आजसम्म नेपाली समाजलाई आक्रान्त बनाएको र हामी सबैका लागि अभिशाप बनेको अपराधिक प्रवृत्ति र मनोवृत्तिको समूल अन्त्य हुन अत्यावश्यक छ, यसका लागि के गर्ने ? यसका केही बाटाहरू, विकल्प र सुत्रहरू छन् । सामान्यतया अवज्ञाले मौजुदा ऐन नियमको विरोध, अनादर वा उपेक्षालाई जनाउँछ । व्यक्ति, संस्था वा राज्यको आफ्ना सदस्य वा नागरिकमाथिको द्वेशपूर्ण या प्रतिशोधपूर्ण व्यवहारको प्रतिरोध गर्नु र एकप्रकारले प्राधिकारलाई चुनौती दिनु अवज्ञा हो । सविनय अवज्ञा तर्कपूर्ण हुन्छ र कहिलेकाँही बलपूर्वक पनि हुनसक्छ । यसलाई समग्रमा भन्दा मौजुदा परिपाटीप्रतिको अनादर, उपेक्षा भन्ने बुझ्नुपर्दछ । नागरिकले आफ्नो करबाट चलेको सरकारसँग चित्त बुझेन र कर तिर्न छाडिदिए भने के हुन्छ ? के संसारमा यस्ता घटना भएका छैनन् र ? के जनताबाट उठेको कर सीमित राजनीतिज्ञहरूलाई ढलिमली गर्नलाई हो ? राज्यको उत्पत्तिको शर्त नै अथवा गठनको सम्झौता नै नागरिकको करबाट राज्य चल्ने, शासक पालिने र त्यसबापत राज्यले जनहितका काम गर्ने भन्ने हो । यदि त्यसो हो भने कर लिएबापत जनसेवा नहुने र नागरिकले दु:ख पाइरहने अवस्थामा कर तिर्नुको औचित्य के ? शर्त पूरा नगर्ने राजनीतिज्ञहरूलाई जनताले पाल्नुपर्ने किन ? अबको बहस यस विषयमा चल्नुपर्छ । हामीले बनाएको संविधानको मूल मर्म पनि यही नै हो, शासन प्रणालीको तत्कालीन उद्देश्य र दीर्घकालीन लक्ष्य पनि यही हो ।

**सामाजिक बहिस्कार :** सार्वजनिक जिम्मेवारीमा रहेका नेता, सरकारी अधिकारी र प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरू पूर्णरूपले जनताप्रति जवाफदेही हुनुपर्छ । राज्यको निर्धारित प्रक्रियाको माध्यमबाट सरकारले नियुक्त गरेका राष्ट्र सेवकहरू प्रत्यक्ष रूपमा सरकारप्रति जवाफदेही भए पनि अप्रत्यक्ष रूपमा जनताप्रति उत्तरदायी हुनुपर्छ । हामी त जागिरे भनेर कसैले उन्मुक्ति पाउन सक्तैन । तर, राष्ट्र सेवकहरूलाई मार्गदर्शन गर्ने सरकारले हो । सरकार गैरजिम्मेवार हुने र कर्मचारीतन्त्र ठिकठाक चल्नुपर्छ भन्ने मान्यता पूर्णतया गलत हो । दुनियाँमा यस्तो हुन सक्तैन, त्यसैले सबैभन्दा पहिले सरकार ठीक हुनुपर्छ, राज्यको 'मशिनरी' आफैं ठीक भइहाल्छ । हाम्रोमा यस्तो छ त ? पटक्कै छैन । यसको जिम्मा कसले लिने ? निसन्देह रूपमा सरकार चलाएका सबैले लिनुपर्छ । संविधान र प्रचलित ऐन कानूनको उल्लंघन गरेर भए पनि आफ्नो स्वार्थ पूरा गर्ने राजनीतिज्ञहरूले लिनुपर्छ । साथै राजनीतिज्ञहरूको मतियार बन्ने सरकारी अधिकारीहरू पनि दण्डित बन्नुपर्छ । आजसम्म नेपालमा यस्तो देखिएन, पाइएन र सुनि छाँट पनि देखिँदैन । अब के गर्ने त भन्ने प्रश्न उठ्नु स्वाभाविक नै हो । यसमा कुनै पनि अलमल राख्नु हुँदैन । राज्यकोषको दुरुपयोग गर्ने राजनीतिज्ञ र सरकारी अधिकारीहरूलाई सामाजिक बहिष्कार गर्नुपर्छ । यसमा अलमल गर्नुहुँदैन ।यसका लागि सबै तहका राजनीतिज्ञ र राष्ट्र सेवकहरू योग्य छन्, तर प्रारम्भ राजनीतिज्ञहरूबाट हुनुपर्छ, जसका कारण देश बर्बादीको डिलमा पुगेको छ ।

**रुपान्तरणको चुरो :** नेपालको मौजुदा राजनीतिक, आर्थिक र सामाजिक स्थिति धेरै विकराल छ । सिमाना बाहिरबाट हेर्दा झनै कुरूप वा बिकुप देखिँदोरहेछ । वर्तमान राजनीतिक दलभित्रका केही पात्रहरू यसका लागि पूर्ण जिम्मेवार छन् । पुराना राजनीतिक दलभित्रै यिनको बाहुल्यता छ । यी दलका ९९% सदस्यहरू साँच्चै निर्दोष र निरीह छन् । सिद्धान्त, संघर्ष र योगदानको नशाले लठ्ठिएका छन् । यसैको फाइदा सीमित राजनीतिज्ञले उठाएका छन् । यसको वास्तविक चित्रण आजको आवश्यकता हो र हामीले चाहेको दिशातर्फ नेपाली समाजलाई अग्रसर गराउनु मौजुदा परिस्थितिबाट उन्मुक्ति हो । बेथिति, नीतिविहीनता, विधि विहीनता र स्वेच्छाचारिताबाट मुक्ति हो, यसैका लागि रूपान्तरण भनिएको हो । अब रुपान्तरण टालटुले उपचारबाट सम्भव छैन । शिरदेखि तीरसम्म आमूल परिवर्तन आजको आवश्यकता हो । यसले तदर्थवादी सोच राख्ने जो कोहीलाई बढार्न सक्छ र बढार्नु पनि पर्छ । नेपाली जनता र वर्षौं योगदान पुर्‍याएका दलका सदस्यको संवेदनासँग खेल्ने अधिकार कुनै राजनीतिज्ञलाई छैन । आदर्शलाई तुर्लुङ्ग झुण्याएर मनमौजी गर्ने छुट कसैलाई छैन । **-लोकान्तर डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । | **तुला** : कार्य सम्पादनमा समस्या आउला । यात्रामा मालसामान हराउन सक्छ । |
| **वृष** : माया प्रेममा धोका हुन सक्छ भने एकोहोरो माया प्रेमले सताउनेछ । | **वृश्चिक** : सामाजिक सेवा गर्ने अवसर ले मानप्रतिष्ठा बढाउनेछ । |
| **मिथुन** : मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ । पेसाबाट लाभ हुनेछ । | **धनु** : रमाइलो यात्राको योग रहेको छ । मनमा हर्ष, उमंग र उत्साह रहला । |
| **कर्कट** : अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । | **मकर** : भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइन्छ । | **कुम्भ** : मनमा दुबिधा उत्पन्न होला । सौन्दर्यतामा धन खर्च हुनेछ । |
| **कन्या** : आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । | **मीन** : परीक्षा उत्तीर्ण हुन सकिनेछ । रमणीय र सुखद यात्राको योग पनि छ । |




कथा

# एका देशको कथा


विजय लुइटेल

स्वाभाविक हो यो स्थिति हुनु... किनभने देशका धेरै नागरिकलाई देश कस्तो हुनुपर्छ भन्ने कुरा सोध्यो भने तिनलाई उत्तर थाहा छैन । थाहा भए पनि ती अरूले सिकाएका उत्तर हुनेछन् । हरेक मानिसका आफ्ना जरुरत हुन्छन्, स्वार्थ हुन्छन् र त्यो पूरा गर्न देशले सहयोग गरिदिए हुन्थ्यो भन्ने सोच्दछन् तर देशसँग केवल जरुरत पूरा गर्ने तागत हुन्छ, स्वार्थ हैन । देशको पनि आफ्नै जरुरत हुन्छ ।

यो केवल एउटा काल्पनिक कथा हो । कसैको जीवन अथवा देशसँग मेल खान गएमा म अर्थात् लेखक र जनता दुवै जिम्मेवार हुनेछन् । यो विशाल संसारको कुनै एक भूभागमा मानव सभ्यताले कोरेको तेरो र मेरोको भावनाको रेखाभित्र एउटा देश छ । सबैको जस्तै जसको आफ्नै इतिहास छ, कला छ, संस्कृति छ तर वर्तमान छैन । एक समयको कुरा हो यहाँ खुसी थियो, सद्भाव थियो अनि देश थियो । मेरै देश मैरै माटो मैले यतै फूल फुलाउनु पर्छ भन्ने जीवन थिए । आज पनि छन् तर गुमनाम छन् । तिनले फुलाएको फूल बगैँचाबाट रित्तिँदो छ । कुनै एक समयको कुरा हो त्यस देशका प्राय मानिसहरू गाई पालन गर्दथे । बिहान बेलुका गाईले राम्रो दूध दियो भने उनको जीवनले खुसीको सुस्केरा हाल्दथ्यो । जीवन थौरैले पूर्ण थियो । थोरैमा मानिस खुसी थिए तर यस खुसीको बीच एउटा सानो समस्या जीवित थियो । घाँसको समस्या । त्यसैले देशलाई पिरोलिइरहेको थियो । गाई पाल्ने मानिसहरू बेला बखत चौतारोमा बसेर गाईका लागि घाँस कसरी पुर्याउने भन्ने विषयमा छलफल गरिरहन्थे । हिउँदमा गाईलाई खुवाउने घाँस नभएर गाईले दूध दिन छाडेका थिए । कतिका गाई दुब्लाउँदै पनि गए र कतिले त आफ्नो गाईबस्तु समेत गुमाउनु पर्‍यो । देशलाई यो खड्कोले लामै समयदेखि सताइरहेको थियो । चौतारीका बीच हुने छलफल सधैँ चलिनै रहन्थ्यो । तर केही समाधान निस्किएको थिएन । यस्तै छलफलका बीच एक दिन एउटा युवकले समाज सामु आफ्ना मनका कुरा खुलेर राख्यो । उसले भन्यो, 'सरकारले अब हाम्रा गाईका लागि खाद्य उपलब्ध गराउनु पर्दछ । सरकारले गरेर हाम्रा गाईबस्तु दुब्लाएका हुन्, मरेका हुन् त्यसैले हामी सबैको दुखको मुख्य कारण नै सरकार हो । अब हामीले सरकारलाई हाम्रो हक माग्नु पर्छ । सरकारलाई चुनौती दिनुपर्छ। त्यसैले अब उठौँ आमाबुवा, दाजुभाइ, दिदीबहिनी, यदि सरकारले हामीलाई चाहिएको कुरा दिलाउन सक्दैन भने हामीलाई पनि सरकार चाँहिदैन ।'

मानिसहरूले केहीबेर अचम्म मानेर त्यो केटोलाई हेरे र उसको कुरमा हो मा हो मिलाए । एउटा नयाँ युगको थालनी हुने आशामा मनहरू पुलकित भए । उनीहरूलाई थाहा थियो कि हाम्रा गाईका लागि खाद्यान्न जसरी भए पनि चाहिएको छ तर थाहा थिएन कि सरकार नचाहिने हो वा होइन । यो युवा जो बोलिरहेछ यसले हामीलाई चाहिएको कुराका बारेमा बोल्न सक्छ भने सबै ठिकै त भन्छ होला भनेर उसका साथ लड्ने प्रतिबद्धता जनाए । बिस्तारै देशभरबाट मानिसहरू गाई आन्दोलनमा जोडिन थाले । सरकारलाई चुनौती दिन थाले । गाईलाई खाद्यान्न नपुगेको विरोधमा सडकमा दूध पोखिन थाल्यो । रातारात सहरमा जुलुस निस्कियो । गोली चल्यो, दङ्गा भयो । कैयौँ किसान सरकारसँगको झडपमा परेर मरे । जीवित हुनेले 'बन्दैन देश दुईचार सपुत मरेर नगए' भनेर चित्त बुझाए । धेरै लामो आन्दोलनपछि अन्त्यमा सरकार ढल्यो । अब सरकार बन्यो त्यही चौतारोमा सरकार चाँहिँदैन भन्ने केटोको । हर्षका साथ ऊ देश हाँक्ने कुर्सी चढ्यो । नयाँ सरकार आएको खुसीमा देशभर उत्सव मनाइयो, बाजा बजाइयो । तर आफ्नै गाउँको केटोले जितेको दशौँ वर्ष बित्दा पनि गाईले खाद्यान्न पाएनन् । जनता बिरक्तिए र गाईपालनलाई त्यागेर केही पैसा आम्दानी होस् भनी परदेश भासिए । कहिले ननिस्कने गरी । आज पनि त्यो देश जीवित नै छ । बाँचेकै छन् मानिस । तर जे खोजेका हुन् मानिसले त्यो कहिल्यै पाएनन् ।

जे चाहिँदैन थियो त्यही पाएर मस्त छन् । यो हैन कि जनतालाई देशको माया छैन, छ । नपत्याउनेले सामाजिक सञ्जाल खोलेर हेरे हुन्छ, वाल वालमा देशभक्ति भेटिन्छ । सामाजिक सञ्जालका वालमा हरेक पल हरेक दिन देशभक्ति स्खलित भइरहन्छ । छिमेकी मुलुकलाई गाली गर्नलाई मात्र सीमित भएता पनि देशभक्ति जीवितै छ । देशको कथा यतिमै समाप्त हुन्छ । देश जीवित नै छ । रहिरहला सायद ....
लेखक जो छ, कहिलेकाँही सोच्दछ । गाईले खाद्यान्न नपाएको निहुँमा सरकार ढाल्ने त्यो काल्पनिक देशका जनता देशनै ढल्न लाग्दा किन मौन छन् । क्रोध, असन्तुष्टि र उदासी यी सबै कुरा सञ्चय भइदिएको भए सायद अहिले सडकमा परिवर्तनको राँको बल्ने थियो । देशले त्यो चौतारीको केटोलाई 'लौ बाबु तिमीलाई गर्न दिएकै हो केही नापेनौ अब कुर्सीबाट उत्रिदेऊ' भनेर झारिदिने थिए । तर सामाजिक सञ्जालमा सरकारलाई दुई चार छाडा शब्द लेख्दैमा सन्तुष्ट छन् मानिसहरू । तेरो र मेरो कसको मान्छे माथि पुग्छ भन्नेमा चेतना अडिएको छ । कहिलेकाहीँ लाग्छ, यदि सामाजिक सञ्जालका वालमा स्खलित हुने परिवर्तन र शक्तिको बीज यदि देशको गर्भमा रोपिए फेरि यहाँ फूल फुल्ने थियो । देशले रंग फेर्ने थियो । हरेक साल दशैँमा घर पुरानो देखियो भन्दै भित्ता रङ्गाउने जनताले देश मकाएको देख्छन् कि देख्दैनन् । लेखक सोचिरहन्छ । आफैलाई सोधिरहन्छ । देशलाई आखिर मबाट के चाहिएको हो त ?**-साहित्यपोस्ट डटकम**

## बिलाएका तारा


*कृतिका धिताल*

कालो औँसीको रातमा
ती पिलपिल गरिरहेका ताराहरूले
आज केही बोल्न खोजी रहेझैँ लाग्छ
खुल्ला पुस्तकमा लेखिएका
ती राता अक्षरहरूले
आज केही भन्न खोजी रहेझैँ लाग्छ
समयको दौडसँगै
ती मनमा गढिएका हजारौं शब्दहरू
आज बिस्फोट हुन खोजी रहेझैँ लाग्छ
कलिला ती शरीर, भाव
अनि, मस्तिष्कमा गुम्सिएका वेदना
आज छताछुल्ल पोखिन खोजी रहेझैँ लाग्छ ।

भुकम्पले हल्लाएका ती कच्ची घरहरूझैँ
भइदिएको छ मेरो मन
हावाहुरीले निहुराइदिएका ती धानका बालाझैँ
भइदिएको छ मेरो शिर
मन भित्र कुटकुटि भरिएका छन्
त्यो दिनको हरेक यादहरू
आकाशै झरेझैँ ती बोझहरू
अझै पनि उचालिरहेछन् ती मेरा काँधहरू ।
जिउ नै सिरिङ्ग हुने गरी स्पर्श गरिएका
ती हातहरू मेरा भित्री अङ्गहरूमा
केही नबुझ्ने यो कलिलो शरीरलाई
राखिए उसका मजबुत काखमा
सायदै फस्टाएका थिए ती मेरा स्तनहरू
तर, निहारिए यसरी
जसरी सामान किन्दा छानिन्छन् बस्तुहरू
अबुझ त्यो मनले
छुट्टाउन सकेन फरक छुवाइहरूमा
सायद,छुट्टाउन सकेको भए मारिने थिएनन्
म जस्ता हजारौं ताराहरू यो देशमा ।

आज पनि मन सिसाले रोपिएझैँ चसक चसक हुन्छ
जब ती बितेका अबुझ दिनहरू कल्पनामा आउँछन्
जेठको चर्को घाममा पनि मेरो शरीरले
पुसको कठ्याङ्ग्रिदो चिसोको अनुभव गर्छ
ताराहरू विभाजित भएर बिलाएको महसुस हुन्छ
सिङ्गो आकाश नै उजाड र पतझड लाग्छ ।
अब तपाईहरू नै भन्नु होस्महोदय,
यी हराएका ताराहरू
मकुन चैँ आकाशगंगामा खोजुँ ?
कुन चैँ आकाशगंगामा खोजुँ ??**-रातोपाटी डटकम**

कथा — अनिता कोइराला

# सहरको नाता !

'यहाँ सुन्नु त ! हजुरकी बहिनीलाई यो पटकको दसैँमा केही दिन बस्ने गरी काठमाडौं नै बोलाऔं है' आखिर बिचरीको को नै छ गाउँमा 'एउटा भएको छोरो पनि फर्किएर आउँदैनन् रे। तँपाईका बाआमा बाँचुन्जेल प्राण नै छोरीमा थियो । आज हामीबाहेक अरू को नै छ र बिचरीको !' रमाको कुरा सुनेर उमेश पनि एकछिन तीनछक खायो । फेरि केही सोचेको जसरी मनमनै गम्न लाग्यो - ए मेरा बा ! आज भुइँचालो नै आउँछ कि क्या हो ! यसको छद्म रूपले मलाई पागल नै बनाइसक्यो । घरपट्टीका नातेदारको नाम सुन्नेबितिकै उनीहरूको पसिना पनि तीन कोशबाटै गनाउँछ यो आइमाईलाई। आज फेरि यसको मगजमा के नयाँ योजना फुरेको छ? हे भोलेनाथ ! के के सोचेकी छ यसले? मेरी बहिनीलाई माया गरेर त पक्कै बोलाउन लागेकी होइन ! उमालाई किन बोलाउने? के भयो? भनेर सोध्यो भने उखपातै गर्छे? यतिका वर्ष मेरी बहिनीको नाम लिनेबित्तिकै ज्वरो आउने मान्छेले, आज मेरी बहिनीलाई दसैंको पन्ध्र दिनअगाडि नै बस्ने गरी बोलाउँदै छे । पक्कै यसको योजना ठूलै छ । तुईंत खाएर रेसम हगाउनले कला त यो आइमाईबाट कसैले सिकोस् ! 'के भयो कता एकोहोरो भएर टोलाउनुभएको? हेर्नु त, उमाको नम्बर मेरो मोबाइलमा छैन । हजुरसँग छ कि? एकचोटि फोन गर्नु त उमालाई ।' स्वास्नीका कुरा सुनेर निकै गम्भीर हुँदै उमेश बोल्दै गयो, 'कुन मुखले गर्नु उमालाई फोन ? बाआमा बितेको पाँच वर्ष भएछ । उमासँग भेट नभएको पनि वर्षौं भयो । ज्वाइँसम्म नभएका । छोराले छोडेर हिँडेको एक्ली बहिनीलाई मैले कहिले कुन चाडबाडमा सम्झेर बोलाएँ? कुर्कुच्चा फुटेकी मेरी बहिनि मार्बल ठोकेको उसैको बाउको घरमा भित्र र बाहिर गर्दा तिम्रो पनि इज्जत जाने । बहिनीलाई अलिकति माया गर्दा तिमीलाई प्रेसर बढ्ने । आजसम्म कहिले हालखबर पनि नसोध्ने म जस्तो दाजुले आज अचानक फोन गर्दा के सोच्ली ?'
रमा च्याङ्ठिँदै बोली,'उमाको त्यति सोच्ने गिदी पनि हुनुपर्‍यो नि' एक छाक मीठो खान र मेरा जडौरी लुगा दुई-चार जोर दिए मख्ख परेर जान्छिन् । अझ काठमाडौं घुमाइदिनुपर्छ, बतासमै उड्छिन् । एक जोर नयाँ लुगा पनि किनिदिनुपर्ला । हजुरकी बहिनी हाँस्याहाँसै गर्छिन् । मेरो घरमा आउँदा गाँसैपछि कति मीठो मेरी भाउजूले पकाएको भनेर थालै दुलो पर्ने गरी चाटीचाटी खान्छिन् । बरा पेटभरि मीठोमसिनो खान पाएकी भए पो !' कुटिल हाँसो रमाको अनुहारमा मडारियो । रमाले आफ्नी बहिनीलाई हेपेर बोलेको सुनेर उमेशको मन चसक्क भयो। मन चसक्क के पार्नु, समयमा व्यवहार मिलाउन नजान्नेले । मन दुखे पनि न्यायका लागि उमेशका ओठ रमाको अगाडि कहिल्यै खुल्न सक्थेनन् । रमाको व्यवहारले उमेश मनमनै बोल्न चाहिँ निकै सिपालु भएको थियो, आज पनि मनमनै बोल्न थाल्यो-यही घरमा जन्मिएर हुर्किएकी छोरी हो उमा । आज तेरै अगाडि खान नपाएकी, लाउन नजानेकी, केही नदेखेकी भई । रमा तैंले बुझ्नुपर्ने हो उमाको पीडा । यो रामराज्यको जग उमाकै बाआमाले निर्माण गरिदिएको हो। आज तँ देखेकी, खान पाएकी भइस्। त्यो पढ्न नसकेकी मेरी सोझी बहिनीलाई कति खेदो गर्छेस्' उमेशका आँखा जलमग्न भए । 'खोइ खोज्नुभयो उमाको नम्बर ?,' रमा अझ च्याँठ्िएर आई । उमेशले पनि बहिनीको नम्बर 'सेभ' गरेर राखेको रहेनछ । गाउँमा बसेकी साधारण गाउँले बहिनीसँग कसैलाई केही सरोकार थिएन । उमेश पनि स्वास्नीको कुरामा रूमलिन विवश थियो । उमा नभए पनि उमेशलाई केही फरक पर्दैन थियो । तर रमा नभए त उमेशको जिन्दगी नै चौपट हुने देखेर उमेश गान्धारी बन्दै गएको निकै वर्ष भएको थियो ।

तर पनि बहिनीको माया त ह्दयमा कताकता लुकेर बसेको रहेछ । उमेशले हतार हतार पुरानो डायरीबाट उमाको फोन नम्बर खोज्न थाल्यो । धन्न डायरीमा भए पनि बहिनीको नम्बर चाहिँ रहेछ । उमेश खुसी, हाँसो र पीडा लुकाएर रमाको अगाडि बोल्दै थियो, 'तिमी नै फोन गर न उमालाई । ऊ दंग पर्छे । भाउजूले बोलाएको भनेर गाउँभरि भन्दै हिँड्छे ।गाउँलेका अगाडि तिम्रो प्रशंसा गर्छे । तिमी नै फोन गर है ।' नौनी जस्तै बोलीमा रमाको अगाडि उमेश पोखियो । मनभरि रमाका गलत व्यवहारको बिरोध गरे पनि रमाको अगाडि उमेशको हालत बिनको धुनमा लठ्ठिएको सर्प जस्तै हुन्थ्यो । उमेशलाई रमाको बानीदेखि घृणा थियो । तर पनि रमाको चित्त दुखाउन कुनै हालतमा चाहँदैन थियो । रमा ज्वालामुखी थिई । कुन कुरामा विष्फोट हुन्थी, उमेशले पत्तै पाउँदैन थियो । असत्य कुरा पनि रमाले बोलेपछि उमेशले सत्य नै हो भन्नै पर्थ्यो । नत्र घरमा बसी साध्य हुँदैन थियो । फोन एक घन्टीमै उमाले उठाई । 'हेल्लो ! को बोलेको ?' उमाको आवाज भारी थियो । रमा भिडिओ कलमै बोलेको जसरी कपाल मिलाउँदै, ओठ चम्काउँदै बोल्दै गई, 'उमा मैयाँ' म क्या, भाउजू बोल्दैछु। चिनिसिएन? मैयाँ, भोलिको नाइटबस चढेर तुरून्त काठमाडौं आउनू है' कति वर्ष भयो दसैंमा हामीसँगै नबसेको । योपालि सँगै बसेर दसैं मनाउनुपर्छ । दाजुले पनि भन्दै हुनुहुन्थ्यो उमालाई जमरा राख्न काठमाडौं नै बोलाउनु भनेर । भोलिको नाइट चढनू। ल पक्का भयो है त !' भाउजूसँग फोनमा कुरा गरेपछि वर्षौंदेखि हराएको खुसी अचानक फर्कियो उमाको मुहारमा ।
दाजुले जमरा राख्नै काठमाडौं बोलाएको खबर पाएपछि उमाको खुसी छताछुल्ल पोखिएको थियो गाउँभरि । सम्पूर्ण शरीरमा बालापन फर्किएको थियो । वसन्तका अनगिन्ती मुजुरा पलाएझैं उमाका आँखामा पनि खुसीका मुजुराहरू मुस्कुराएका थिए । घरमा बस्ने प्राणी रमा र उमेश मात्र थिए । छोराछोरी दुवै नैनिताल राखेर पढाएको । रमाको नजिकैको नातेदार भनेको दुइटा घोर्ले कुकुर मात्र थिए घरमा । रमाको आम्दानी उमेशको भन्दा चौगुणा बढी थियो । त्यसैले घमण्डले बेलुन भएकी थिई रमा पद, प्रतिष्ठा र मानसम्मानको भारीले रमाको मानवीय गुणहरूमा खिया लाग्दै थिए ।रमाको कमाइको दास उमेश पहिलेदेखि नै भएको कुरा सबैलाई थाहै थियो । बाआमा र दाजु सम्झिएर उमा माइत आउँदा सधैं रमाको मुहारमा बाह्र बज्थ्यो । गाउँले नन्दलाई रमाले किन देख्न सक्थी र ! सासूससुरा हुँदासम्म उमा माइत आउँदा घरमा महाभारत मच्चाउन कहिल्यै छोड्दिन थिई रमा । नन्दको नाममा त्यही एउटी उमालाई पनि रमा फुटेको आँखाले सहन्न थिई ।
उमा उत्साहको ठूलो पोको बोकेर बालुवाटारको बाआमाले बनाएको घरभित्र छिरी। आफ्नै गाडी लिएर धन्न दाजु बसपार्क पुगेको थियो उमालाई लिन । रमाको मिटिङ भएकाले बिहानै घरबाट हिँडिसकेकी थिई । दाजु पनि केही बेरमा हिँड्ने तरखर गर्दै थियो । उमालाई भान्साकोठामा राखेको सहयोगीको खाटमा आराम गर्दै गर् भनेर दाजु भान्सामा खानेकुरा नियाल्न थाल्यो । भान्सामा पाउरोटी मात्र रहेछ । जाम र पाउरोटी लिएर उमेश उमा बसेको खाटमा आएर स्पष्टीकरण दिन थाल्यो, 'हेर् नानी, भाउजू भरे आउँछे । पाउरोटी र जाम खा । रातभरि गाडीमा आएकी, थकाई लागेको होला, मज्जाले सुत्नू । बाहिर कुकुर खुल्ला छ । बाहिरतिर नजानू । एक-दुई दिनमा तँसँग पनि कुकुरहरू झ्याम्मिन्छन् अनि मात्र निस्किनू । लु, अहिले म पनि जान्छु । ढोका बाहिरबाट लगाएर जान्छु । भाउजूसँग पनि साँचो छ । तँ सुत् ।' उमालाई फिटिक्क निद्रा परेन । कुकुरको आवाजले उमाको सातो लियो । दिउँसो दिक्क लागेर घर घुम्न खोजी । सम्पूर्ण कोठामा ताल्चा मारेको देखेर फेरि मन कुटुक्क पारी । फ्रिज खोल्न खोजी । त्यहाँ पनि ताल्चै लगाएको रहेछ । एक्लै भएपछि उमालाई निकै छट्पटी हुँदै गयो । चिया खाने तलतल पनि लाग्यो । ग्यास खोल्न जानिन । अतीतको दाइँमा मनको पराल दिनभरि माडिरही । गेट बजेको आवाज झम्के साँझमा उमाको कानमा आयो । खुसीले झ्यालबाट पुलुक्क हेरी । दाजुभाउजू बोल्दै आएका थिए । पार्टी र खानाको कुरा गर्दै थिए । दाजुभाउजूले रातीको खाना बाहिरैबाट खाएर आएकाले कुरा बुझ्न उमालाई समय लागेन । उमाको पेटमा भोकले लाप्पा खेल्दै थियो । तातो दालभात र पिरो अचार, तरकारी सम्झिएर उमाको जिब्रोले तुरूक्क पानी छोड्यो । निकै थाकेको हाउभाउ गर्दै भाउजू साखुल्य पल्टेर बोली, 'नानी, दूध र कर्नफ्लेक्स खानू है । हेर्नु त नन्द आउने भनेर मीठोमीठो तरकारी ल्याएर फ्रिजमा राखेकी थिएँ । आज अफिसका साथीहरूले दसैं पार्टी खाने भने । दाजुलाई पनि उतै बोलाए । हेर्नु न, मेरो त टाउको फुट्ला जस्तो भएको छ । तपाईलाई आजै भान्साको मेलोमेसो छैन । नत्र पकाएर खानू भन्ने थिएँ । भोलिबाट जम्मै सिकाउँछु । आज जे छ, त्यही खानू है ! आखिर जे खाए पनि पेटै त भर्नु हो निद्र होइन र नानी ?' उमालाई गुलियो फिटिकै खान मन थिएन । गाडीले मुखै तम्तम्याइँदो भएको थियो । तर भाउजूको अगाडि हुन्छ भन्न विवश भई । उमाको कोठा भान्सा नै भयो । सहयोगी वीरे सुत्ने खाट नै उमाको खाट भयो । वीरे दसैं भएर गाउँ गएको थियो । रातभरि पनि उमाको मनको मदानी घुमिरह्यो । बिहान भाउजू निकै मीठो बोलीमा प्रस्तुत भई, 'नानी हेर्नु त, तपाईलाई ल्याइदिएको दसैंको लुगा । कस्तो छ ? राम्रो लाग्यो ?' उमाले लुगा नियालेर हेरी । भाउजूको बानी पुरानै भएको कुरा उमाले स्पष्ट बुझी । जमरा राख्ने दिनदेखि भाउजूले नै बोलाएको कुरा पनि उमाले राम्रोसँग बुझ्दै गई । हेर्दाहेर्दै उमाले कुकुरको गुहु सोहोर्ने, कुकुर रूङ्ने, कुकुर डुलाउने काम पाई दाजुभाउजू पढेलेखेका, ठूलै 'सर्कल' । हरेक दिन पार्टी । हरेक दिन भोज । माइत । मावल । समूह । साथीभाइ । भ्याइनभ्याइ थियो । 'नानी, दसैंपछि तपाईलाई म मज्जाले काठमाडौं घुमाइदिन्छु । वीरे तिहारपछि मात्र आउँछ र । पाँच वर्षमा घर गएको विचरा । दसैंका बेला घरमा ताल्चा लगाएर हिँड्दा चोरी हुन्छ काठमाडौंमा । के गर्नु' मेरी नन्दलाई के खान मन छ, म भोलि पकाएर खुवाउँछु । तर आज पनि हाम्रो गेट-टुगेदर छ । हिजोकै भात, तरकारी र दाल छ, तताएर खानू है । मेरी नन्द कति स्मार्ट 'कति चाँडै सबै सुविधाका सामान चलाउन आइसक्यो। यस्ता कुकुरलाई त कति मज्जाले हेर्नुभएको छ ।' उमाले सबै कुरा बुझेर पनि चुपचाप सुन्दै गई । कुकुर हेर्दै गई। सहरको नातालाई जोख्दै गई ।

**-सेतोपाटी डटकम**

# नेकपा एसको राष्ट्रिय महाधिवेशन काठमाडौंमा हुँदै



**पाल्पा,** कार्तिक २२/नेकपा एकीकृत समाजवादी (एस)को पहिलो राष्ट्रिय महाधिवेशन काठमाडौंमा हुन लागेको छ ।

उसले आगामी माघ १४ देखि १८ गतेसम्म पहिलो राष्ट्रिय महाधिवेशन गर्न लागेको हो । महाधिवेशन काठमाडौंमै हुने निश्चित भएको र त्यहीअनुसार गृहकार्य अघि बढेको पार्टी सपचवालयले जनाएको छ । यसअघि महाधिवेशनको मिति टुंगो लागेपनि स्थानका बारेमा निर्णय भइसकेको थिएन । महाधिवेशनका लागि सबै जनवर्गीय सङ्गठनको अधिवेशन सम्पन्न हुन नसकेकाले आगामी मंसिरको दोस्रो सातामा अधिवेशन सम्पन्न गर्ने निर्णय भएकाले महाधिवेशन प्रतिनिधि छनौटका मापदण्ड सम्बन्धी कार्यविधि तर्जुमा गर्न लागिएको छ । यो महाधिवेशन नेकपा एसको नीति र नेतृत्व चयन दुवै गर्नेछ ।

**अध्यक्ष चिन प्रस्थान**

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल १५ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै मंगलबार चीन प्रस्थान गरेका छन् । चिनियाँ कम्युनिष्ट पार्टी विदेश विभागको निमन्त्रणामा चीन भ्रमणमा गएको नेपाली प्रतिनिधि मण्डलले बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) परियोजनाबाट प्राप्त उपलब्धि साझेदारीसम्बन्धी कार्यक्रममा सहभागिता जनाउनेछ । भ्रमणका क्रममा चिनियाँ कम्युनिष्ट पार्टीका नेतासँग नेपाल र चीन तथा दुई पार्टी बीचको सम्बन्धका बारेमा छलफल हुने छ । नेपाली प्रतिनिधिमण्डल यही कात्तिक २८ गते स्वदेश फर्कनेछ । अध्यक्ष नेपाल चीन प्रस्थान गरेपछि कार्यवाहक अध्यक्षको जिम्मेवारी उपाध्यक्ष प्रमेश हमालले पाएका छन् । यसअघि मंगलबार नै अध्यक्ष नेपालले भूकम्पपीडितलाई सहयोगस्वरूप २५ लाख रुपैयाँको चेक प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर हस्तान्तरण गरेका थिए ।

## खेलकुद समाचार

### यू-१९ एसिया कप क्रिकेटमा नेपाल भारत र पाकिस्तानको समूहमा



**काठमाडौं,** कार्तिक २२/यू-१९ एसिया कप क्रिकेटमा नेपाल भारत, पाकिस्तान र अफगानिस्तानको समूहमा परेको छ ।

एसियाली क्रिकेट काउन्सिल एसीसीले सार्वजनिक गरेको खेल तालिका अनुसार नेपालले पहिलो खेल डिसेम्बर ८ मा पाकिस्तानसँग खेल्ने छ । यस्तै नेपालको दोस्रो खेल डिसेम्बर १० मा अफगानिस्तानसँग र तेस्रो खेल १२ डिसेम्बरमा भारतसँग हुने छ ।

समूह बीमा भने आयोजक यूएईसहित बंगलादेश, श्रीलंका र जापान छन् । समूहका २ शीर्ष टोली सेमिफाइनलमा पुग्ने छन् । फाइनल खेल १७ डिसेम्बरमा हुने छ । एसिया कप सकिएको एक महिनापछि नेपालले श्रीलंकामा हुने यू-१९ विश्वकप क्रिकेट खेल्ने छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा सामान्य सुधार



**पाल्पा,** कात्तिक २२/साताको चौथो दिन बुधबार सेयर बजारमा सामान्य सुधार आएको छ । दिनभरको उतारचढावका माझ नेप्से परिसूचकमा पाँच दशमलव १७ अंकको वृद्धि हासिल भएको हो ।

यसदिन नेप्से परिसूचक ०.२७ प्रतिशतले बढेर एक हजार आठ सय ६३ दशमलव ९४ को विन्दुमा कायम भएको छ । नेप्से बढ्दा सेन्सिटिभ इन्डेक्स ०.२१ प्रतिशतले उकालो लागेर ३ सय ५८ दशमलव ४० अंकमा पुगेको छ । सो समयमा दुई सय ८८ कम्पनीको ३१ लाख ५७ हजार ६२ कित्ता शेयर ३० हजार तीन सय ६४ पटक खरिदबिक्री हुँदा रु ७८ करोड २७ लाख ४३ हजार दुई सय ६४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा विकास बैंक समूह शून्य दशमलव ३८, होटल तथा पर्यटन समूह शून्य दशमलव ६४, लगानी समूह शून्य दशमलव ४३ र निर्जीवन बीमा समूह शून्य दशमलव २३ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव १६ र अन्य समूह शून्य दशमलव ७३ प्रतिशतले बढेको छ । त्यस्तै, बैंकिङ शून्य दशमलव ३५, वित्त शून्य दशमलव ३३, जल विद्युत् शून्य दशमलव ६५, जीवन बीमा शून्य दशमलव ५१ र लघुवित्त समूह शून्य दशमलव २४ प्रतिशतले बढेको छ । कारोबारबाट सबैभन्दा धेरै ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव ०७ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ३८ प्रतिशतले घटेको छ ।

कारोबार रकममा आधारमा असबैभन्दा धेरै सोनापुर सिमेन्टको पाँच करोड ६१ लाख ४१ हजार नौ सय ८४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन बैंकको रहेको छ ।

# आँधीखोलामा पुल..

...विष्फोट गरेर बाटो निर्माण गर्नुपरेकाले काममा ढिलाइ भएको र एक वर्ष समय थपेर काम अगाडि बढाएको आचार्यको भनाइ छ । मिर्मी सेतीबेनी सडककै तीन किलोमिटर सडक निर्माण काष्ठमण्डप/कली/मनकामना जेभीले आठ करोड ८६ लाख ८७ हजार सात सय ७१ ठेक्का सम्झौता गरेको उनले बताए । आँधीमुहानका स्थानीय टीकाराम कुँवरले खबरको वनमा मोटरबाटो नहुँदा र आँधीखोलामा पुल नहुँदा स्याङ्जा, पर्वत, गुल्मी र बाग्लुङका लाखौं जनताले भिरको साँघुरो र अठ्यारो बाटोमा वर्षौं जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको बताए । 'पुल नहुँदा धेरै समय खर्चेर लामो बाटो प्रयोग गर्न यहाँका नागरिक बाध्य थिए', उनले भने,'पुल निर्माणपछि अकालमै ज्यान जाने समस्या टरेको छ, धेरैको पैसा र समय बचत भएको छ ।' सेतीवेणीका व्यापारी शोभाखर तिवारीले आँधीखोलामा पुल निर्माणपछि दक्षिणी पर्वतका नागरिकको सपना पूरा भएको बताए । उनले पुल निर्माणले बर्खाको समयमा बिरामी बोकेर हिँड्न, पाल्पा, बुटवल, नारायणगढ जान सहज बनाएको बताए ।**-रासस**

**कक्षा ११, बि.ए. बि.एड र बि.बि.एस.मा भर्ना खुल्यो !**

पाल्पा जिल्लाकै प्रतिष्ठित शैक्षिक संस्था तानसेन बहुमुखी क्याम्पस, पाल्पामा व्यवस्थापन, शिक्षा, मानविकी संकायमा भर्ना खुलेको जानकारी गराउँदछौं ।

**हाम्रा सेवाहरु :**

- विद्यार्थीहरुको लागि क्याम्पस बसको सुविधा रहेको छ ।
- विद्यार्थीहरुलाई वर्ष भरिनै नि:शुल्क पाठ्य पुस्तक उपलब्ध गराइएको छ ।
- अधिकांश विद्यार्थीका लागि छात्रवृत्ति सुविधा उपलब्ध छ ।
- प्रयाप्त खेल मैदान सहित अतिरिक्त क्रियाकलापको व्यवस्था छ ।
- शिक्षामा गुणस्तरियता हाम्रो प्रतिवद्धता रहेको छ ।
- यस शैक्षिक वर्षदेखि छात्रावासको सुविधा उपलब्ध गराईने छ ।

**विस्तृत जानकारीका लागि**

तानसेन बहुमुखी क्याम्पस

तानसेन -७, काजीपौवा

सम्पर्क : ०७५-५२२४५०, ०७५-५२०५९७,

मोवाइल : ९८५७०७७३१६, ९८४७०३०९७५, ९८५७०६०८९०, ९८५७०६०७२६

**कार्यालय सहायक आवश्यकता**

**प्रकाशित मिति : २०८०/०७/२२**

उल्लेखित विषयका सम्बन्धमा यस महेन्द्र बोधि माध्यमिक विद्यालय तानसेन पाल्पामा मिति २०८०/०६/२० गते बसेको विद्यालय व्यवस्थापन समिति बैठकको निर्णय, तानसेन नगरकार्यपालिका पाल्पाको चं.नं. ८८७, मिति २०८०/०७/२१ र शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको चलानी नं.४२७, मिति २०८०/०७/२१ को अनुमति पत्रानुसार यस विद्यालयमा कार्यालय सहायक कर्मचारीको अस्थायी करार पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक योग्य इच्छुक नेपाली नागरिकबाट तपशिल अनुसार दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं.** : १/२०८०/०८१, **पद : कार्यालय सहायक, संख्या:** १ जना

**नियुक्तिको किसिम** : करार, **उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको

**न्युनतम शैक्षिक योग्यता** : व्यवस्थापन विषयमा +२ उत्तीर्ण वा सो सरह (कम्प्युटर प्रणालीमा लेखा राख्न सक्ने)

**तलब स्केल** : नेपाल सरकारले तोके अनुसार, **निबेदन दस्तुर** : रु ५००/-(पाँच सय मात्र)

**दरखास्त दिनुपर्ने अन्तिम मिति** : २०८०/०८/०६ गते

**सम्पर्क मिति** : २०८०/०८/०६ गते ४:०० बजेपछि

**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ, **परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता,

**आवश्यक कागजातहरु** : नेपाली नागरिकताको प्रमाणपत्र, आफुले हासिल गरेको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र प्रत्येकको २/२ प्रति प्रमाणित प्रतिलिपि दरखास्त साथ संलग्न हुनुपर्ने, परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनुपर्ने

**थप जानकारीको लागि सम्पर्क** : ०७५-५२०१४९, ९८४७१००६१४

**पुनश्च:** कम्प्युटरमा दक्ष र माथिल्लो शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिन सकिने छ ।

**श्री महेन्द्र बोधि माध्यमिक विद्यालय**

तानसेन-२, पाल्पा

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

**बालबालिकाको खानपान : अभिभावकले दिनु पर्छ ध्यान**

- बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं,
- आवश्यकता अनुसारको खाना खाएपछि थप खानाका लागि करबल नगरौं,
- प्राकृतिक स्वाद जस्तै: घ्यू, मह, दूध तथा स्थानीय खानाहरूको स्वाद भएको खानेकुरा खुवाऔं,
- पत्रुखाना (जंकफूड) को प्रयोग नगरौं,
- बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
- बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
- परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाईल तथा टि.भी.को प्रयोग नगरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी.कम

www.shittalpati.com

डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई